**"सबल स्थानीय सरकार, समृद्ध बागचौर नगर"**

**बागचौर नगरपालिकाको नवौं नगर सभामा श्रीमान नगर उप-प्रमुख सुन्निमा डि.सी. वलिज्यूले प्रस्तुत गर्नुभएको**

# आर्थिक वर्ष २०७९।०८० को
# नीति तथा कार्यक्रम

नीति तथा कार्यक्रम, २०७९।०८०

बागचौर नगरपालिका, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७९, असाढ १०

**नगर प्रमुखज्यू,**

**सभाका सदस्यज्यूहरु तथा उपस्थित अतिथि महानुभावहरु,**

नेपालको संविधान जारी भएपछि दोस्रो पटक सबै स्थानीय तह र वडाको निर्वाचन निश्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण, स्वच्छ र भयरहित वातावरणमा सम्पन्न भएको छ। नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रमा आधारित दोस्रो जननिर्वाचित स्थानीय सरकारको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको महसुस गरको छु।

नेपालको संविधान अनुसार स्थापित स्थानीय तह र सम्पुर्ण नागरिकका हक अधिकार स्थापित गर्ने यस अवरसरमा म लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा भएका सशस्त्र संघर्ष, जनआन्दोलन लगायत विभिन्न कालखण्डमा भएका ऐतिहासिक संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण आदरणीय ज्ञात अज्ञात महान् सहिद तथा वेपत्ताजनहरु प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। सोही आन्दोलनको क्रममा घाइते, वेपत्ता, अपाङ्ग भएका योद्दा र स्वाभिमानपूर्ण आन्दोलनमा सरि क भइ महत्वपुर्ण योगदान पुऱ्याउनु हुने महान् व्यक्तित्वहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

विश्वव्यापी महामारीको रूपमा फैलिएको नोवल कोरोना भाइरस (कोभिड १९) का कारण सम्पूर्ण मानवजाती नै आक्रान्त भएको पिडादायी क्षणबाट क्रमिक रुपमा सुधार हुदै गरेको शुभ लक्षणको परिप्रेक्षमा हाम्रो कार्यकालको पहिलो नीति तथा कार्यक्रम प्रस्तुत हुदैछ। यस अवसरमा निवर्तमान नगर प्रमुख, उप प्रमुख लगायत सम्पुर्ण जनप्रतिनिधिहरुले पुऱ्याउनु भएको योगदान प्रति सम्मान सहित आभार तथा धन्यवाद ज्ञापन गर्दछु। ईतिहासको कालखण्डमा आइपरेको यस कठिन परिस्थितिमा अग्रपङ्क्तिमा अहोरात्र खट्नुहुने सम्पूर्ण स्वास्थ्यकर्मीहरू, राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दल्, पत्रकार, सुरक्षाकर्मीहरू, निजी तथा व्यावसायिक क्षेत्र, सवारी चालक, स्वयंसेवकहरू तथा सरोकारवालाहरु प्रति धन्यवाद सहित स्मरण गर्दछु।

कोभिड-१९ जस्तै भविष्यमा आउन सक्ने विनासकारी प्राकृतिक प्रकोप तथा महामारीहरु बाट सुरक्षित रहन विगतका अविष्मरणिय क्षणहरुबाट शिक्षा लिदै आगामी दिनहरुमा आवश्यक पुर्वतयारी तथा दिर्घकालिन पूर्वाधार निर्माणको काम के कसरी गर्ने भन्ने नै हाम्रो लागि आजको सबैभन्दा चुनौतिको विषय रहेको छ भने युवाहरुको वेरोजगारी, कृषि क्षेत्रमा रहेको परम्परागत प्रणालीलाई सुधार गरी अघि बढ्नु निश्चय नै कठिन विषय छ तथापी यि चुनौतीको सामना गर्दै जनस्तरमा विपद् सम्बन्धि जनचेतना अभिवृद्दि , दिर्घकालिन पूर्वाधार विकासमा विशेष जोड, वैज्ञानिक कृषि प्रणालीको विकास, स्वरोजगारका अवसरहरु सिर्जना गर्नु, आम जनसमुदायको जीवन रक्षाका लागि बजेट विनियोजन, नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्नु हाम्रा लागि यो ऐतिहासिक र महत्वपुर्ण अवसर पनि हो।

विगत पाँच वर्षको अवधिमा सम्पन्न भएका ऐन कानून तथा नीति निर्माण, विकास निर्माण, कार्य प्रगति तथा कार्यशैलीहरुमा थप सुदृढिकरण गर्दै आगामी पाँच वर्षको कार्यकालमा उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग हुने गरी नगरबासीहरुको आवश्यकता एवं समय परिस्थितिको माग अनुसार नीति, कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिने यस गरिमामय नगरसभा समक्ष अवगत गराउन चाहन्छु ।

**नगर प्रमुखज्यू,**

**सभाका सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रमका उद्देश्यहरु यस प्रकार तय गरिएको छ ।

- नगरपालिकाको लागि आबश्यक न्यूनतम शहरी पूर्वाधारको विकास गर्नु ।
- शिक्षा, स्वास्थ्य तथा पोषणको विकास गरि नगरवासीहरुको जीवनमा गुणात्मक सुधार गर्नु ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणको विकास गर्नु ।
- सुशासन, शान्ति सुरक्षा, नागरिक स्वतन्त्रता तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।
- कृषि, पशु, सहकारी, उद्यम र रोजगारीको विकास गरी आर्थिक अवस्थाको सुदृढिकरण गर्नु ।
- पिछडिएको वर्ग, दलित, फरक क्षमता भएका, अशक्त, असाहय र घाईते समुदायको लागि सामाजिक न्याय सहितको आर्थिक विकास गर्नु ।
- दिगो विकास, वातावरणीय संरक्षण तथा विपद ब्यवस्थापनलाई प्रभावकारी बनाउनु ।
- बिभिन्न समुदाय र क्षेत्रको भाषा, कला साहित्य, पर्यटन तथा संस्कृतिलाई प्रवर्द्धन गर्नु ।
- उद्योग कलकारखाना स्थापना गरि बेरोजगारी समस्यालाई न्यूनिकरण गर्नु ।

आगामी आर्थिक वर्ष २०७९/०८० को नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहाएका क्षेत्रहरुलाई प्रमुख प्राथमिकता दिईएको छ ।

- पूर्वाधारहरुको विकास ।
- बालबालिका, महिला, जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा ।
- शिक्षा, युवा तथा खेलकुदको विकास ।
- स्वास्थ्य तथा पोषण ।
- सुशासन तथा संस्थागत विकास ।
- वातावरण तथा विपद् व्यवस्थापन ।
- राजश्व तथा वित्तिय ब्यवस्थापन ।
- आर्थिक विकास (रोजगार, पर्यटन, कृषि, पशु, उद्योग, आय तथा उत्पादन लगायतमा बृद्धि) ।
- लैगिंक समानता तथा सामाजिक समावेशिकरण ।
- धार्मिक, प्राकृतिक, सांस्कृतिक, पुरातात्विक सम्पदाको विकास, संरक्षण र प्रवर्द्धन ।
- सिँचाई खानेपानी तथा जलश्रोत व्यवस्थापन ।

नीति तथा कार्यक्रम, २०७९।०८०

**नगर प्रमुखज्यू,**

**सभाका सदस्यज्यूहरु र उपस्थित महानुभावहरु,**

अब म क्षेत्रगत आधारमा बजेटका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न अनुमती चाहन्छु ।

# पूर्वाधार विकास तर्फ

## १. सडक

- विगत देखि संचालित अधुरा योजनाहरुलाई क्रमागत योजनाको रुपमा कार्यान्वियन गरिनेछ ।
- सडक मर्मत सम्भार तथा स्तर उन्नति योजना तयार गरि मर्मत तथा स्तर उन्नति कार्यलाई प्रभावकारी बनाइनेछ ।
- १२ वटै वडा बाट नगर कार्यालय जोड्ने प्रमुख सडकहरु बाह्रै महिना चल्ने गरी स्तरोन्नती गरिनेछ ।
- नगरपालिकाको सडक निर्माण, विस्तार र मर्मत सम्भारका लागि नगरपालिकाकै डोजर र टिप्परको अधिकतम प्रयोग गरिनेछ ।
- बागचौर नगरपालिका भित्रका मुख्य सडकहरु संघीय र प्रदेश सरकार सँगको समन्वयमा कालोपत्रे गर्न पहल गरिनेछ ।
- नयाँ सडक विस्तारको क्रममा स्थानीय पानीको श्रोत, वन जङ्गल, प्राकृतिक श्रोत तथा धार्मिक क्षेत्रमा प्रतिकुल असर नहुने गरी ( वातावरणिय प्रभाव लेखाजोखा) विस्तार गरिनेछ ।
- सहिद रिङ रोडको मर्मत तथा स्तरोन्नती कार्य अगाडी बढाइनेछ ।
- वडाभित्रका सडकहरूको मर्मत सम्भार गर्ने कार्य सम्बन्धित वडाबाटै गर्ने नीति अवलम्बन गरिनेछ।
- नगर क्षेत्र भित्रका सडकहरूको नियमित मर्मत सम्भारका लागि मुख्य मुख्य सडकहरूमा पिटौलीहरुको व्यवस्था गरी सडकहरूको नियमित मर्मत सम्भारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- पैदल आवागमनलाई सहज बनाउन गोरेटो, धार्मिक पदमार्ग, घोरेटो तथा मसानघाट जाने बाटोहरू निर्माण गरिनेछ ।

## २. विद्युतिकरण

- विद्युतको पहुँच नपुगेका टोल तथा बस्तीहरुमा विद्युत विस्तार गरिनेछ ।
- बजार क्षेत्रहरुमा रात्रीकालीन समयमा पनि फ्लड लाईट ( धेरै उज्यालो हुने वत्ती) जडान गरिनेछ ।
- सुरक्षित र उज्यालोको लागि मुख्य बजारहरुमा क्रमशः सडक बत्तिको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्र उद्योग सञ्चालनका लागि थ्री फेज लाईनको व्यवस्था गरिनेछ ।

## ३. भवन, आवास तथा शहरी विकास

- नगरपालिकाको हाल निर्मित भवनलाई आवश्यक प्रक्रिया पुरा गरी कार्यालय स्थापना गरिनेछ ।

नीति तथा कार्यक्रम, २०७९।८०

- विद्यालय भवन अभाव भएको विद्यालयहरुमा प्राथामिकता अनुसार विद्यालय भवनहरु निर्माण गरिनेछ ।
- सबै वडाहरुमा व्यवस्थीत वडा कार्यालयहरु निर्माण गरिनेछ ।
- भवनहरुको सबलता, सुरक्षा र जोखिम न्यूनिकरणगर्न प्रचलित भवन निर्माण सम्बन्धी मापदण्डमा समयानुकुल संशोधन गरि कार्यन्वयनमा ल्याइनेछ ।
- नक्सा पास नभइ बनेका पुराना घर तथा गोदामहरुलाई करको दायरामा ल्याउनका लागि अभिलेखिकरण गरिनेछ ।
- गरिब तथा विपन्न नगरवासीलाई वस्ती तथा आवास योजना अन्तरगत सहयोग गरिनेछ ।
- स्वास्थ्य भवनहरु नभएका वडाहरुमा क्रमिक रुपमा स्वास्थ्य भवनहरु निर्माण गरिनेछ ।
- एक वडा एक सामुदायिक भवन निर्माणको नीति अबलम्बन गरिनेछ ।
- निजि क्षेत्र संग समन्वय र सहकार्य गरि सार्वजनिक स्थल तथा बजार क्षेत्रमा अपांगमैत्री सार्वजनिक शौचालयको निर्माण गरिने छ ।
- प्रतिक्षालय, हाटबजार, वृद्दवृद्दाहरु र बालबालीकाहरुको लागि मनोरञ्जन स्थल तथा पार्कहरु निर्माण गरिनेछ ।
- सार्वजनिक स्थल तथा बजार क्षेत्रहरुमा स्तनपान कक्षहरुको निर्माण गरिनेछ ।
- भवन निर्माण कार्यविधि २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नयाँ निर्माण हुने तथा पुनर्निर्माण हुने सरकारी भवन, सार्वजनिक स्थल, सडक यातायात लगायतका पूर्वाधार संरचना अपाङ्ग मैत्री बनाउन प्रेरित गरिनेछ ।
- बढ्दो शहरीकरणलाई भविष्यमा पनि सुन्दर र व्यवस्थित बनाउनका लागि गुरुयोजनाको निर्माण गरि ढल, खानेपानी विद्युत लगायतका सुविधाहरुको विस्तारमा नगरको सौन्दर्यलाई ध्यानमा राखिनेछ ।
- बजार विस्तार सँगै उपयुक्त सडक, सडकपेटि, ढल निकास तथा नाली र सार्वजनिक स्थलहरूको व्यवस्थापन गर्दै लगिनेछ ।
- बजार व्यवस्थापन समितिहरु पुनर्गठन गरि थप व्यवस्थित गर्दै लगिनेछ ।
- **"ग्रीन एण्ड क्लिन"** बजार क्षेत्र अवधारणा अन्तरगत एक घर एक विरुवा अनिवार्य रोप्ने अभियान सञ्चालन गरिनेछ ।
- बजार क्षेत्रमा फोहर व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्रमा जथाभाबी रूपमा होर्डिङ बोर्ड राख्ने ब्यानर तथा पोस्टर टाँस्ने कार्य अशोभनीय भएको हुँदा यस्तो कार्यको लागि नगरपालिका कार्यालयबाट अग्रिम रूपमा स्वीकृति लिनु पर्नेछ ।
- विभिन्न क्षेत्रगत योजनाहरु तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।
- नगरभित्र एरपोर्ट निर्माण गर्न जग्गाको खोजि तथा सम्भाव्यता अध्ययन गरिनेछ ।

नीति तथा कार्यक्रम, २०७९।८०

# सामाजिक विकास तर्फ

## १) शिक्षा, युवा तथा खेलकूद

### क) विद्यालयको भौतिक सुधार

- सामुदायिक विद्यालयहरुमा अपुग कक्षाकोठा निर्माणमा पहिलो प्राथमिकता दिई कक्षाकोठा निर्माण गरीनेछ ।
- यस आर्थिक वर्ष भन्दा अगाडि देखि निर्माण तथा मर्मत गर्दा पुरा नभएका योजनाहरुलाई सम्बन्धित निकायहरुलेनै मर्मत तथा निर्माण गर्ने गराउने व्यवस्था मिलाइनेछ ।
- सडकको छेउमा रहेका, वस्ती भन्दा टाढा रहेका, जंगलको विचमा रहेका विद्यालयहरुलाई पहिलो प्राथमिकता दिई विद्यालयको घेराबार गरीनेछ ।
- प्रत्येक विद्यालयमा शैक्षिक सामाग्रीको सुरक्षाको लागि शैक्षिक सामाग्री भण्डारण कक्षको व्यवस्था क्रमशः गरीनेछ ।
- बालविकास कक्षा संचालन भएका कक्षा कोठाहरुलाई बाल मैत्रि, व्यवस्थित, मनोरम, आरामदायी बसाइ व्यवस्थापनहुने गरी कम्तिमा हरेक वडामा एउटा नमुना बाल विकास कक्षा निर्माण गरीने छ र क्रमसः सबै बालविकास कक्षालाइ व्यवस्थित गरीनेछ ।
- पुराना जिर्ण भएका कक्षाकोठामा संचालन भएका विद्यालयहरुको कक्षाकोठा निर्माणका लागि पहिलो प्राथमिकता दिइ कक्षा कोठा निर्माण तथा कक्षाकोठा पुनस्थापना गर्ने व्यवस्था गरीनेछ ।
- विद्यालयको आवश्यकता पहिचान गरी सौचालयको समुचित प्रयोगका लागि हिल ट्यांकी, मुहान बाट पानी ल्याउन पाइप तथा वर्षातको पानी संकलन गर्ने ट्यांकीको व्यवस्था गरीनेछ ।
- माध्यमिक विद्यालयमा रहेका विज्ञान प्रयोगशालालाई व्यवस्थित बनाइनेछ ।
- विद्यालयको हाता भित्र रहेका खेल मैदानको सरसफाइ, तथा फोहरमैला व्यवस्थापनको उचित प्रबन्ध गरीनुको साथै फूलवारी व्यवस्थापन तथा बृक्षारोपन गर्ने व्यवस्था गरीनेछ ।
- विद्युत नपुगेका सामुदायिक विद्यालयहरुमा विद्युत विस्तारको कार्य गरीनेछ ।
- विद्यालयमा रहेको शौचालयको समस्यालाई क्रमशः समाधान गर्दै लिइनेछ ।

### ख) शैक्षिक गुणस्तर सुधार

- कक्षा ८ का छात्रछात्रहरुलाइ **“नगर प्रमुख संग नोटबुक कार्यक्रम”** संचालन गरिनेछ ।
- सार्वजनिक विद्यालयको भौतिक, शैक्षिक र ब्यवस्थापकिय पक्षमा सुधार गरिनेछ ।
- सबै बिद्यालयमा लागु भएको **“हामी र हाम्रो बागचौर नगर सेरोफरो**” स्थानीय पाठ्यक्रमको कार्यान्वयन पक्षमा प्रभावकारिता ल्याइनेछ ।
- विषयगत शिक्षकहरुको विषयगत रोस्टर शिक्षक संजाल गठन गरी पाठ्यक्रमले तोकेका सिकाइ सक्षमताहरु पुरा गर्न शिक्षणमा देखिएका कठिनाइहरुको निराकरणको लागि विषयगत शिक्षक, प्रअहरुको सहभागितामा अन्तरक्रिया तथा कार्यशाला कार्यक्रम गरीनेछ ।

- नगर स्तरीय रुपमा पठनपाठन गर्ने, शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्ने, आफुले शिक्षण गरेको कक्षाका विद्यार्थीको सिकाइ उपलव्धी राम्रो ल्याउने शिक्षकलाई विशेष प्रोत्साहन गरीनेछ ।
- नगर शिक्षा योजना निर्माण गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न अनुगमनमा उपचारात्मक पद्धतिको प्रयोग गरीनुका साथै केन्द्रीय स्तरका विशेषज्ञबाट तालिम संचालन गरि  शैक्षिक गुणस्तर अभिबृद्धि गर्न आवस्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालयको अनुगमन, निरीक्षण र मूल्यांकन गर्न नगरपालिका स्तर बाट नगर शिक्षा समिति,विषय विज्ञ, र अन्य शिक्षकको व्यवस्था गरी शैक्षिक गुणस्तर मापन तथा सिकाइ उपलब्धि बृद्धिका लागि नीतिगत व्यवस्था गरीनेछ ।
- उतिर्ण दर, कक्षा दोहर्याउने दर, उपलब्धि स्तर, कक्षा छाड्ने दर आदि सूचकको आधारमा विद्यालयको मौजुदा स्थीतिको मूल्यांकन गरी विद्यालयको आन्तरीक सक्षमता बढाउन विशेष कार्यक्रम संचालन गरीनेछ ।
- शिक्षक, विद्यार्थी र अविभावक बिचको त्रिकोणात्मक सम्बन्ध स्थापित गर्न समय समयमा अन्तरक्रिया, भेटघाट र छलफल तथा अभिभावक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- गुण्स्तरिय सिकाईहरु आदान प्रदान गर्न टेलिएजुकेशन हवको विकास गरिने छ ।
- स्थानीय पाठ्यक्रम संग सम्बन्धित पाठ्यपुस्तक निर्माण कार्य अगाडि बढाइनेछ । जसमा प्राविधिक शिक्षा जोड दिइनेछ ।
- दिगो विकासका लक्ष्य नं. ४ संग सम्बन्धित शैक्षिक सुचकहरुको आधारमा शैक्षिक गुणस्तर अभिवृद्दिको लागि आवश्यक कार्यक्रमको तर्जुमा गरिनेछ ।
- नगरपालिका भित्रका नमुना विद्यालयको शैक्षिक, भौतिक र ब्यबस्थापकीय सुधारको लागि आवश्यक ब्यबस्था मिलाइनेछ ।
- कक्षा १ मा कक्षा शिक्षकको ब्यबस्था गरि अंग्रेजी माध्यमका पाठ्यपुस्तकको पठनपाठन गरिने र क्रमसः कक्षा ३ सम्म लागु गर्ने ब्यबस्था गर्न पहल गरिनेछ  ।

## ग) पेशागत सिप विकास

- प्रत्येक बालविकासका शिक्षकहरुका लागि मन्टेश्वरी, किण्डरगार्टन,बालबालिका स्याहार जस्ता तालिम कार्यशालाको आयोजना गरी पेशागत सिप अभिबृद्धि गरीनेछ ।
- शैक्षिक जनशक्तीलाई आवश्यक तालिम प्रदान गरिनेछ ।
- सामुदायिक सिकाई केन्द्रहरुका माध्यामबाट अनौपचारिक, खुल्ला तथा निरन्तर सिकाइ, लधु उद्यमी तालिमको ब्यवस्था  र सार्वजनिक  पुस्तकालय तथा वाचनालयको संचालनको  ब्यवस्था गरिनेछ ।

## घ) संरचनागत सुधार

- शैक्षिक सुचना ब्यवस्थापन प्रणाली (IEMIS)  ब्यवस्थित गरी शैक्षिक अभिलेखलाई अद्यावधिक गरिनेछ ।
- सुचकका आधारमा विद्यालयहरुको कार्यसम्पादन स्तर निर्धारण गरि प्रोत्सहान अनुदान उपलब्ध गराइनेछ ।

- सार्वजनिक विद्यालयहरुमा आबश्यक शिक्षक दरवन्दीको ब्यवस्थापन गरि सिकाईस्तरमा सुधार गरिनेछ ।
- विद्यालयको सेवा क्षेत्र, विद्यार्थी संख्या, भौगोलिक कठिनाइ आदिको आधारमा विद्यालयको कक्षा तथा तह घटबढ गर्ने कार्यक्रमलाइ अघि बढाइने छ । स्थानिय स्तर बाट समायोजनको माग भै आएमा विद्यालय समायोजन गर्न सकिनेछ ।
- प्रअ को नियुक्ति व्यवस्थापन गर्न संघिय शिक्षा ऐन, नियमावली, नगर शिक्षा ऐन को अधिनमा रही सम्बन्धित तहको शिक्षकलाइ नै प्रअ को जिम्मेवारी दिने नीति अवलम्बन गरीनेछ ।
- आवश्यकताको आधारमा प्रत्येक विद्यालयमा विषयगत शिक्षकको मिलान गर्ने नीति क्रमशः लागु गर्दै लगिनेछ ।
- भौगोलिक बिकटता हेरी सामुदायिक वालविकासको नीतिगत ब्यवस्था गरिनेछ ।
- **"पढ्दै र कमाउदै"** राष्ट्रिय नीति अनुसार माध्यमिक तह संचलान भएका विद्यालयको संम्भाव्यता र विव्यसको सक्रीयताको आधारमा प्राविधिक विषय अध्ययण गर्ने विद्यालय छनौट गरी सम्बन्धित निकायमा सिफारीस गरी प्राविधिक कक्षा संचालन गर्न प्रोत्साहन गरीनेछ ।
- नगर अनुदान बाट नियुक्त शिक्षकहरुको व्यवस्थापन तथा पुनरावलोकन गरी आवस्यक नीति बनाइ निरन्तरता दिइनेछ ।
- विद्यालय व्यवस्थापन समतिको गठन तोकिएको समयमा गर्न नसक्ने विद्यालयहरुको अनुदानमा क्रमश कटौति गरिनेछ ।
- प्र.अ. र वि.व्य.स. अध्यक्ष बिच कार्य सम्पादन करार गरि शैक्षिक गुणस्तर अभिवृद्दिमा पहल गरिनेछ ।

## ङ) परीक्षा तथा मूल्यांकन

- विद्यार्थीको निरन्तर विद्यार्थी मूल्यांकनलाइ यथार्थपरक वस्तुनिष्ठ बनाउन शिक्षकलाइ जिम्मेवार बनाउने र प्रत्येक पाठको अन्तमा विद्यार्थी सिकाइको मूल्यांकन गरी सुधारका लागि प्र.अ.को संयोजकत्वमा परामर्श कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउन वि.व्य.स. लाइ जिम्मेवारी दिइनेछ ।
- कक्षा ८ को अन्तिम परिक्षालाइ थप व्यवस्थित, स्तरीय र मर्यादित बनाउने नीति ल्याईनेछ । साथै नगरपालिका बाट नगरस्तरिय प्रश्नपत्र बैंक निर्माण गरिनेछ ।

## च) छात्र / छात्रा विद्यार्थी

- संवैधानिक व्यवस्था अनुसार अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यामिक शिक्षाको कार्यान्वयनमा विशेष ध्यान दिइनेछ ।
- स्वास्थ्य तथा सरसफाइका लागि छात्राहरुलाइ निःशुल्क स्यानीटरी प्याड उपलब्ध गराइने कार्यक्रम संचालन गरीनेछ ।
- आमा बुबा गुमाइ टुहुरा भएका छात्र छात्रा लाई वडा शिक्षा समितिको सिफारीसमा निशुल्क झोला र कक्षा १० सम्म ड्रेस वितरण गरीनेछ ।
- सरकारी सेवामा दलित, महिला, समलिंगि तथा फरक क्षमता भएका नागरिकहरुको पहुँच अभिबृद्धि गर्न कक्षा १२ उतिर्ण गरेकालाई अप्राविधिक सेवा तर्फ निःशुल्क लोकसेवा तयारी कक्षाको ब्यवस्था मिलाइनेछ ।

नीति तथा कार्यक्रम, २०७९/०८०

- कक्षा बालविकास देखि कक्षा ६ सम्मको दिवा खाजा कार्यक्रमलाइ व्यवस्थित, स्तरीय बनाउन अभिभावकको संलग्नतामा दिवा खाजा व्यवस्थापन समिति गठन गरी व्ययस्थित बनाइनेछ ।
- संस्थागत विद्यालयहरुको शुल्क निर्धारण, छात्रबृत्ति लगायत अन्य क्रियाकलाप संचालन गरे नगरेको नियमन गर्ने र सार्वजनिक र संस्थागत विद्यालयमा भए गरेका असल अभ्यास आदान प्रदान कार्यक्रमलाइ प्राथमिकताका साथ संचालन गरीनेछ ।
- माध्यमिक तहका विद्यार्थीहरको लागि मनोपरामर्स वृतिपथ परामर्श तथा असल नागरीकका काम कर्तव्य अधिकार सम्बन्धि परामर्सको व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा बालकल्ब, जुनियर रेडक्रस, स्कावट गठन गरी विद्यार्थीमा सामाजिक काम प्रति श्रद्धा विकसित गर्न सरसफाइ तथा दैवि प्रकोपका समयमा समुदायमा परीचालन गर्ने व्यवस्था गरीनेछ ।
- शैक्षिक अनुदानको कार्यक्रमलाइ विद्यार्थी शिक्षक अनुपात, विद्यालय सुधार योजनाका आधारमा न्यायोचित वितरण गर्ने व्यवस्था गरीनेछ ।
- राष्ट्रपति रनिंङ सिल्ड, मेयरकप खेलकुद प्रतियोगिता आयोजना गरी युवा तथा विद्यार्थीहरुमा स्वच्छ प्रतिस्पर्धाको भावनाको विकास गराई शारीरिक तथा मानसिक विकास गर्ने नीति लिइनेछ ।
- विद्यार्थीहरुको शारीरीक अवस्था जाच गर्न प्रत्येक वडामा वर्षको कम्तिमा एक पटक स्वास्थ्य जाँच गराउन स्वास्थ्य सिविर संचालन गर्न वडालाई जिम्मेवारी दिइनेछ ।
- नगर स्तरिय खुला प्रर्तिशपर्धामा उत्कृष्ट हुने प्रतिभालाई प्रोत्सहान गरिने छ ।
- प्रत्येक विद्यालयमा योगशिक्षा लाई प्रभावकारी बनाइनेछ ।

## छ) युवा तथा खेलकुद

- नगरपालिका स्तरिय र वडा स्तरिय खेलकुद समिति गठन गरि सोही बमोजिम एकद्धार प्रणालीबाट खेलकुद गतिविधि संचालन गरिनेछ ।
- लागुपदार्थ दुर्व्यसन नियन्त्रणका लागि युवाहरुलाई परिचालन गरिनेछ । नगर स्तरीय खेलमैदानको क्रमशः (सबै वडामा खेलमैदान) ब्यवस्था र नगर स्तरीय उत्कृष्ट खेलकुद प्रशिक्षक टिमको को ब्यवस्था गरिनेछ ।
- युवाहरुको विवरण अध्यावधिक गरी आवश्यक जनशक्तिको आपुर्ति उद्योग संचालन तथा विविध अनुदानका लागि प्रयोग गर्न प्रोफाइल तयार गरीनेछ ।
- अंग्रेजी, गणित, विज्ञान विषयमा स्नातक, स्नातोकोत्तर प्राप्त गर्ने युवाहरुलाइ गेस्ट टिचरको तथा स्वयंसेवकको रुपमा अध्यापन गर्न परिचालन गरीनेछ ।
- युवा तथा शैक्षिक वेरोजगारहरुलाइ स्वरोजगार मुलक कार्यमा संलग्न गराउन कृषि तथा लधु उद्योग संचालन गर्न विशेष प्रोत्साहन उपलब्ध गराइनेछ ।

## ज) थप शिक्षा सम्बन्धि नीति

- नमुना सामुदायिक माध्यामिक विद्यालयहरुमा १ जना स्वास्थ्यकर्मीको व्यवस्था गरिनेछ ।
- **प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको सेवा संविधानमा संघीय सरकाबाट तोकिए बमोजिमको न्युनतम पारिश्रमिक व्यवस्थापन गरिनेछ ।**

नीति तथा कार्यक्रम २०७९/८०

- विद्यालयहरको सामाजिक परिक्षण र लेखा परिक्षण समयमा सम्पन्न गरी विद्यालयहरुमा आर्थिक पारदर्शिता कायम गरिनेछ ।
- विद्यालयहरुमा गुनासो सुन्ने अधिकारी  र गुनासो पेटिकाको व्यवस्था गरी कार्यान्वियनमा ल्याइनेछ ।
- हरित विद्यालय निर्माण कार्यक्रम अन्तरगत विद्यालयहरुमा करेसाबारी, बालउद्यान निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सिकाइ उपलब्धि र कार्य सम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गरिनेछ ।
- विद्यालय सुपरिवेक्षणलाई नतिजामुखी अनुगमन प्रणाली बमोजिम सञ्चालन गरिनेछ ।

## २) स्वास्थ्य

- सबै नगरवासीहरुको गुणस्तरिय स्वास्थ्य अवस्था कायम गर्न **“मेरो स्वास्थ्य मेरो पोषण**” अभियान कार्यक्रम संचालन गरिनेछ ।
- विद्यालयहरुमा **“स्वास्थ्य तथा पोषण कार्यक्रम”** (किशोरीहरुलाई हेमोग्लोबिन टेस्ट, विद्यालयमा तौल मेशिन र हाईट बोर्ड प्रदान गर्ने, विद्यार्थीहरुको पोषणको जाँच गर्ने, पोषिलो सर्वोत्तम पिठो वितरण गर्ने) लागु गरिनेछ ।
- विशेषज्ञ डाक्टर सहितको नगर अस्तपालको व्यवस्था गर्न पहल गरिनेछ  ।
- नगरभित्र क्यान्सर अस्पताल निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा औषधि नियमित रुपमा आपुर्ति गरिनेछ ।
- स्वास्थ्य संस्थामा रिक्त रहेका दरवन्दीहरुमा तत्काल आबश्यक जनशक्तिको ब्यवस्थापन गरिनेछ ।
- प्रत्येक परिवारलाई अनिवार्य रुपमा नेपाल सरकारले लागु गरेको स्वास्थ्य विमा कार्यक्रम कार्यन्वयन गरिनेछ ।
- टेलिमेडिसिन (दूर चिकित्सा) यस वर्ष ६ वटा मूख्य स्वास्थ्य संस्था मार्फत सेवा संचालन गरिनेछ ।
- स्वास्थ्य पोषण अवस्था सुधारका लागि स्वास्थ्य पोषण प्रर्बद्धकहरु परिचालन गरिनेछ ।
- स्वास्थ्य आमा समूहमा समता र पहुँच कार्यक्रम लागु गरिनेछ ।
- १२ वटै वडाहरुका सुनौला हजार दिने आमाहरुलाई **“पोषिलो सर्वोत्तम पिठो वितरण**” गरिनेछ  ।
- गुणस्तरीय स्वास्थ्य सेवा बढाउनको लागि स्वास्थ्यकर्मिहरु तथा महिला स्वास्थ्य स्वंयम सेविकाहरु मार्फत **“एक्सप्रेस मोबाईल सेवा”** संचालन गरिनेछ ।
- प्रा.स्वा.के.थारमारेमा ग्रामीण भिडियो एक्सरे तथा आधुनिक ल्याव सेवा संचालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- सकारात्मक जीवनका लागि स्वास्थ्य र  पोषण शिर्षकमा मोटीभेशनल  प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा आबश्यकताको अध्ययन गरि गुणस्तरिय प्रयोगशाला (ल्याब) हरु निर्माण गरिनेछ ।
- ६० वर्ष उमेर पुगेका नागरिकहरुलाई निशुल्क स्वास्थ्य परिक्षणको लागि लाभग्राही परिचयपत्रको व्यवस्था गरिनेछ । ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुको लागि टोल वस्तीहरुमा निश्चित अवधिमा निशुल्क स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- **“एक वडा एक वर्थिङ सेन्टर”** स्थापना गरिनेछ ।

- नगरपालिका भित्र बसोबास गर्ने गर्भवती महिलाहरुलाई प्रसुती जटिलता भई प्रसुती केन्द्रहरुबाट रिफर भए अनुसार सल्यान अस्पताल सम्म जानु पर्ने भएमा **निशुल्क एम्बुलेन्स सेवा वा तोकिएको यातायात सुविधा** प्रदान गरिनेछ ।
- प्राथामिक स्वास्थ्य केन्द्र थारमारेको भवनको मर्मत सम्भार, स्वास्थ्य चौकी शिवरथको भवन निर्माण, आधारभुत स्वास्थ्य केन्द्रका क्रमिक रुपमा पक्की भवन निर्माण  र नगरपालिका भित्रका सवै खोप केन्द्र र गाउँघर क्लिनिक भवनहरु आवश्यकताका आधारमा थप गर्दै लगिनेछ ।
- स्थानीय स्तरमा देखीने महामारी नियन्त्रणको लागि वडा स्तर देखि नगर स्तरीय RRT/CRT टिम गठन गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई थप प्रोत्साहित गरी परिचालन गरिनेछ ।
- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक आमा समूह, टोल विकास संस्था एवं अन्य संघ संस्था र नागरिकको परिचालन गरी सचेतना मूलक गतिविधि सञ्चालन गरिनेछ ।
- टोल टोलमा नसर्ने रोगहरु, मानसिक स्वास्थ्य तथा अखाद्य पदार्थहरूको प्रयोगलाई रोकथाम गर्न जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- तोकिएका रोगहरूको निदानका लागि राहत सिफारिस र आर्थिक सहायता प्रदान गरिनेछ ।
- निजी तथा गैरसरकारी संस्थाबाट सञ्चालित अस्पताल पोलि क्लिनिक, निदान केन्द्र औषधी पसल तथा आयुर्वेद लगायतका स्वास्थ्य संस्थाहरुको अनुमति, नवीकरण, सहजीकरण, नियमन गरिनेछ ।
- नगरपालिका अन्तरगत सञ्चालित सम्पूर्ण सामुदायिक स्वास्थ्य संस्थाहरूलाई आवश्यक जनशक्ति र श्रोत साधन प्रदान गरी प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- महिलाहरूको लागि नगरपालिका स्तरीय पाठेघर जाँच शिविर सञ्चालन गरिनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- आयुर्वेद स्वास्थ्य सम्बन्धी नेपालको मौलिक, प्राचीन तथा आधारभूत स्वास्थ्य सेवामा समेत समावेश गरिएको आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद स्वास्थ्य इकाई स्थापना गरिनेछ । साथै त्यसको व्यवस्थापन, औषधी, उपकरण, कर्मचारी दरबन्दी लगायत अन्य आवश्यक कार्यहरू गरिनेछ ।
- नगरपालिकाको बजार क्षेत्रमा अध्ययन गरी यो वर्ष कम्तिमा एक वटा फिटनेस सेन्टर र एक वटा योग तथा ध्यान केन्द्र सञ्चालनमा ल्याइनेछ ।
- पोषणका सुचकहरु ९० प्रतिशत वा सो भन्दा बढि अंक हासील गर्ने स्वास्थ्य संस्थाहरुलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।
- प्राथमिक आँखा तथा कान उपचार केन्द्रको स्तर वृदि गर्न र थप सेवा संचालन गर्न, मानव संमसाधन, कार्यालय व्यवस्थापन, पूर्वाधार तथा औजार उपकरणका लागि आवशयक व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- एम्बुलेन्स सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## ३) खानेपानी तथा सरसफाइ

- **“सबैको लागि, शुद्ध पिउने पानी”** को नीति अबलम्बन गरि कार्यान्वयनमा लगिनेछ ।
- नगर क्षेत्रभित्र रहेका खानेपानीको मुहानहरू निश्चित कार्यविधि बनाई प्रयोग तथा संरक्षण गरिनेछ ।
- **“एक घर एक धारा”** नीति सबै वडाहरूमा क्रमश लागु गरिनेछ ।
- खानेपानीका मुहानहरुको संरक्षण गरि बन जंगलमा वृक्षारोपनको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- प्रत्येक टोलहरुमा आमा समुह, युवा क्लबहरुलाई सरसफाइ लगायतका कार्यमा सहभागी बनाई आ-आफ्नो टोलमा मासिक रुपमा अनुगमणको व्यवस्था मिलाईनेछ । उक्त प्रयोजनको लागि आमा समुह तथा युवाक्लबहरुलाई प्रोत्सहान रकमको व्यवस्था गरिनेछ ।
- प्रत्येक टोल, बस्ती र बजारमा फोहरमैलाको व्यवस्थापन गर्न आवश्यक नीति निर्माण गरिनेछ ।
- ठोस फोहर व्यवस्थापनको लागि डम्पिङ साइटको उचित व्यवस्थापन गरिनेछ ।
- खानेपानीमा वास सहितको योजना निर्माण गर्न विशेष पहल गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरु तथा विद्यालयहरुमा सुरक्षित खानेपानी फिल्टरको व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका बजारहरु र सार्वजनिक संस्थाहरुमा डस्टविनको व्यवस्था गरिनेछ ।

## ४) लैंगिक समानता, सामाजिक समावेशीकरण तथा समाज कल्याण

- नगरपालिका भित्र मानविय हित तथा उन्नत जिवन शैली विकास गर्न स्थानको छनौट गरि मानव सेवा आश्रम र योग तथा ध्यानकेन्द्र भवनको निर्माण गर्नको लागि आबश्यक बजेट विनियोजन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुको लागी दिइने परिचयपत्र वितरण कार्यलाई प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- जेष्ठ नागरिक, असहाय, अशक्त तथा फरक क्षमता भएका व्यक्तिहरुको सम्मान तथा सुरक्षाको लागि आवश्यक नीतिहरु ल्याईनेछ ।
- न्यून पारिश्रमिक भएका विद्यालय कर्मचारी (लेखा र सहायक) तथा बालविकासका सहयोगी कार्यकर्तालाई श्रम ऐन अनुसार कामको प्रकृतिहेरी थप प्रोत्सहान सुविधा उपलब्ध गराइनेछ ।
- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल संरक्षण, किशोरी सशक्तीकरण, ज्येष्ठ नागरिक, एकल महिला, घाइते अपाङ्गता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन प्रवर्द्धन एवं दिगोपनकालागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाहरुलाई लक्षित गरि कार्यक्रम संचालन गर्न संघ संस्थाहरु संग समन्वय र सहकार्य बढाइनेछ ।
- सडक बालबालिका, बालश्रम र बालविबाह आदि जस्ता सामाजिक कुरुतीहरु विरुद्धका अभियानहरुलाई वस्तीस्तरसम्म पुर्याइनेछ ।
- बालबालिकाहरुका लागि सार्वजनिक स्थलमा फनपार्क (वालउद्यान) को ब्यवस्था क्रमशः गर्दैजाने नीति अबलम्बन गरिनेछ ।

- महिला, दलित, जनजाति, सशस्त्र संघर्ष तथा जनआन्दोलनका घाइते तथा मध्यम किसिमले भन्दा फरक क्षमता भएका व्यक्तिहरूको सीप, क्षमता विकास तथा आय आर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- दलित तथा अल्प सङ्ख्यक समुदायहरूको परम्परागत सीप क्षमताको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिइनेछ ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक कुरीति तथा कुसंस्कारजन्य क्रियाकलापहरू निरुत्साहित गर्न महिला समूह तथा समितिहरूलाई सक्रिय बनाइनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरूको डाटा सङ्कलन तथा अभिलेख व्यवस्थापन गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरु लाई आफ्नो अधिकार प्रति सजक र सबै किसिमका दुर्व्यवहार अन्त्य गर्न सचेतनामुलक तालिम कार्यक्रम संचालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूलाई सम्मान जनक व्यवहार गर्ने संस्कारको विकास गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूलाई कानुन प्रदत्त सेवाको पहुँच पुऱ्याउन सरोकारवालालाई जिम्मेवार बनाइनेछ ।
- ६० बर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरुको परिचयपत्र वितरण कार्यलाइ निरन्तरता दिईनेछ ।
- बालबालिकाहरूको क्षमता विकासको लागि बाल अधिकार सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- वाल विवाह न्यूनीकरण गर्न विद्यालय स्तरदेखि वडा टोल स्तरसम्म जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- बालश्रम न्यूनीकरण गर्न विविध कार्यक्रम सञ्चालन गरिनेछ । **छोरीको बैङ्क खाता** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- आर्थिक सुधारको लागि एकल महिलाहरु लाई सिप विकासका कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिका माथि हुने सबै किसिमका हिंसा,शोषण,दुर्व्यवहार अन्त्य गर्ने नीति लिइनेछ ।
- लैंगिक हिंसा, घरेलु हिंसा निवारणको लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- पिछडिएका वर्ग, दलित ,गरिब ,जनजातिका महिलाहरुलाई चेतना अभिवृदि गराइ सशक्तिकरण गर्ने नीति लिइनेछ ।
- महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि क्षमता तथा सिप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- उत्कृष्ट महिला उद्यमीहरुलाई **"मेयर पुरस्कार"** वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला हिंसा, बलात्कार तथा शारीरिक, मानसिक हिसा नियन्त्रणको लागी गुनासो सुनुवाई संयन्त्र निर्माण गरिनेछ ।

## ५) कला साहित्य र संस्कृति

- विभिन्न किसिमका सामाजिक एवं सांस्कृतिक सम्पदा तथा प्रचलित जात्रा, मेला पर्वलाई संरक्षण एवं सम्बर्द्धन गरिनेछ ।

नीति तथा कार्यक्रम, २०७९।८०

- नगर क्षेत्र भित्रका प्रचलित जात्रा, पर्व लगायतका धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- यस नगरभित्र लोपोन्मुख कला, साहित्य, संस्कृतिको जगेर्ना विकास र विस्तारका लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- अल्पसङ्ख्यक समुदायको परम्परागत पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्द्धन गरिनेछ ।
- आमा समुहलाई लोकबाजा र ड्रेसको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट साहित्य सर्जकहरुको जगेर्णा गर्ने कार्यक्रम आयोजना गरिनेछ ।

# आर्थिक विकास तर्फ

## १. कृषि

- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने तर्फ ध्यान दिइने छ । यसका लागि तरकारी, फलफूल, जडीबुटी तथा पशुपालनका लागी पकेट क्षेत्र पहिचान गरी तिनको विकास र प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम अवलम्बन गरिनेछ । साथै कृषिमा अनुदान र कृषकलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
- सम्बन्धित वडाको सिफारीसमा **"उर्वर खेतबारी, पोषिलो करेसाबारी"** नीतिलाई प्रयोगमा ल्याउने व्यवसायि वा उद्यमी र किसानहरुलाई प्रोत्सहान रकमको व्यवस्था गरिनेछ ।
- उत्कृष्ट कृषि, पशुपालन व्यवसायी तथा उद्यमीहरुलाई **"सम्मान कार्यक्रम"** सञ्चालना गरिनेछ ।
- किसानहरुको उत्पादनको न्युनतम समर्थन मुल्य तोक्ने व्यवस्था मिलाइनेछ । बजारको आवश्यकता अध्ययन गरी सोही बमोजिमको कृषि उपजको उत्पादन गर्ने व्यवस्था मिलाइनेछ ।
- आवश्यकताको अध्ययन गरी विभिन्न स्थानमा कृषि उपजको भण्डारका लागि चिस्यान केन्द्रहरुको स्थापना गरिनेछ ।
- कृषक राहत कोषको स्थापना गरिनेछ ।
- कृषि उत्पादनलाई बजारीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन तथा निजी कम्पनी र सम्बन्धित सरोकारवाला संग समन्वय गरिनेछ ।
- अर्गानिक तथा बेमौसमी तरकारी खेतीलाई प्राथमिकता दिइनेछ ।
- निश्चित कोटा निर्धारण गरी कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कृषक समुह, उपभोक्ता समिति, सहकारी संस्था, निजी फर्म, कम्पनी मार्फत साना सिँचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- आधुनिक कृषि औजारहरु खरिदमा २० देखि ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।
- हरित कृषिलाई बढवा दिन फलफूलको बिरुवा रोप्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- कृषि व्यवसायमा सङ्क्रामक रोगबाट पर्ने असर न्यूनीकरण गर्न आवश्यक निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- कृषि पशुपालन क्षेत्रको सम्भाव्यता अध्ययन गरि **"पकेट विकास" कार्यक्रम सञ्चालन गरिनेछ ।**

नीति तथा कार्यक्रम, २०७९।०८०

- एक वडा एक उत्पादन कार्यक्रम संचालन गरी माटो परीक्षण गर्ने व्यवस्था तथा संम्भाव्यता अध्ययन गर्ने कृषि प्राविधिक टोली खटाई अध्ययन गराई उक्त कार्यक्रम संचालन गरीनेछ ।
- कृषकहरुको समस्या समाधानका लागि नजिकबाट सेवा प्रदान गर्नका लागि एक वडा एक कृषि प्राविधिकको व्यवस्था मिलाइनेछ ।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाँउन नगरपालिकाले विभिन्न कृषि तथ्याङ्क अद्यावधिक गरी एक कृषि प्रोफाइल निर्माण गरिनेछ ।
- निश्चित कोटा निर्धारण गरी ५० प्रतिशत अनुदानमा साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्य संचाल गरिनेछ र उक्त कार्यक्रम प्रत्यक वर्ष निरन्तरता दिइनेछ ।
- थोपा सिँचाई विधिलाई प्राथामिकत दिइनेछ ।
- आकस्मिक बाली संरक्षण सेवाका लागि कृषकहरुलाई रासायनिक जैविक लगायतका विषादिको निशुल्क वितरण गरिनेछ ।
- बागचौर नगरपालिकामा कृषि संग सम्बन्धित बृहत तथा गौरवका कार्यक्रमहरु साझेदारीमा संचालन गर्न संघ, प्रदेश तथा गैरसरकारी संस्था सगं आवश्यक पहल गरिनेछ ।
- बागचौर नगरपालिकामा अवस्थित विभिन्न कृषकहरुले उत्पादन गरेको कृषि बस्तु प्रर्दशनिका लागि नगरस्तरिय कृषि मेला प्रदशनी संचालन गरिनेछ ।
- कृषि क्षेत्रमा जमिनको चक्लाबन्दी गरि उत्पादनमा वृद्दि गर्ने नीति लिइनेछ ।
- नगरपालिकाको कार्यालयबाट सेवा दिने गरि एक कृषि विज्ञ व्यवस्था मिलाइनेछ ।
- आधुनिक तथा व्यवसायिक फलफुल नर्सरीलाई प्रोत्सहान गरिनेछ ।

## २. पशु सेवा

- प्राकृतिक प्रकोप, रोग र महामारीको क्षतिको जोखिम कम गर्न पशुधनको बिमाको व्यवस्था मिलाइनेछ ।
- घुम्ति पशु प्राविधिकको व्यवस्था मिलाइनेछ ।
- नक्ष्ल सुधार तथा खोर व्यवस्थापनको कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषकहरुले पाल्दै आएका पशुपंछीहरुको जोखिम सुनिश्चित गर्नाको लागि अनिबार्य निःशुल्क बीमा कार्यक्रम अभियानकै रुपमा लागु गरिनेछ ।
- दक्ष ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताहरुलाई आबश्यक तालिम तथा सामान्य खालका औजार ,उपकरण दिएर सेवा प्रभाहलाई संचालन गरिने छ ।
- सहलगानिमा बिद्युतिय मेसिनरी तथा औजार, उपकरण वितरण गरिनेछ ।
- एकिकृत कृषि प्रसार सेवा केन्द्र मार्फत कृषकहरुलाई सेवा प्रदान गरिनेछ ।
- पशु जन्य निजी सेवा प्रदायकहरुलाई दर्ता प्रक्रियामा ल्याई सेवा प्रवाह गरिनेछ ।
- समुह, सहकारीहरुलाई सुव्यवस्थित ढंगले उत्पादनमा जोड दिनको लागी आगामी बर्षमा पनी समुहमा बाख्रा, कुखुरा गाई, भैसी, संगुर, बगुंर तथा मागमा आधारीत खोर, गोठ निर्माण कार्यलाई संचालन गरीनेछ ।

नीति तथा कार्यक्रम, २०७९/८०

- ब्याबसायीक कृषक, समुह सहकारी तथा कृषकहरुले संचालन गर्दै आएको उद्यमी तथा पेशामा प्राकृतिक प्रकोपबाट क्षती हुन आएमा विपद् ब्यबस्थापन कोषबाट राहात रकम उपलब्ध गराईनेछ ।

## ३. सिँचाई

- आवश्यकताका आधारमा नगर क्षेत्रभित्रका पुराना सिँचाई कुलोहरु मर्मत सम्भार तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- पानीको अभाव रहेका सुख्खा कृषियोग्य क्षेत्रहरुमा प्रदेश र संघको सहयोगमा लिफ्ट सिँचाई योजना निर्माण गरिनेछ ।
- मौजुदा पानीका स्रोतहरूको अधिकतम उपयोग गरी सिँचाईको लागि प्रयोग गर्ने नीति लिइनेछ ।
- सिँचाई डिभिजन र सिँचाई सँग सम्बन्धित विभिन्न परियोजनाहरूसँग समन्वय र साझेदारीमा ठुला योजनाहरू कुलो नहर बनाउने कार्यलाई प्राथमिकता दिइनेछ ।
- कृषि योग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाई सेवा पुऱ्याउन साना सिँचाई आयोजना सञ्चालन गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ४. पर्यटन

- स्थानीय भाषा, कला, धर्म, संस्कृति, रितिरिवाजलाई प्रवर्द्धन हुने गरि कार्यक्रम संचालन गरिनेछ ।
- निजी सरोकारवालाहरु संग समन्वय गरी स्थानीय स्तरमा होम स्टे सञ्चालन तथा व्यवस्थापनलाई प्राथामिकता दिइनेछ ।
- अग्ला टाकुरामा रहेको भ्यू टावर क्षेत्रमा पर्यटन संम्भाव्यताको अध्ययन गरि मौलिक रुपमा स्थानीय कला र संस्कृतिको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- वडा नं. २ को सेराचौर, बडाचौर, हिमचौर, सानाहिम चेरिङ्गे हुदै वडा नं. १२ को विजयधुरी र वडा नं. ७ को मख्लाम लेक हुदै वडा नं. ९ को पातिहाल्नलाई ट्रेकिङ रुटको रुपमा विकास गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातत्त्वका हिसाबले महत्त्वपूर्ण स्थानहरूको संरक्षण एवं प्रवर्द्धन गरिनेछ ।

## ५. घरेलु तथा साना उद्योग एवं सहकारी तथा वित्तीय क्षेत्र

- सहकारी संस्थाहरुको नियमित र सघन अनुगमन गरी संस्थागत सुशासन कायम गरिनेछ ।
- समुह सहकारीको माध्यामबाट रोजगारीको सिर्जना, गरीबी न्यूनिकरण र सामुदायिक सशक्तिकरण गरिनेछ ।
- पारदर्शिता, प्रभावकारीता र जोखिम न्यूनिकरण गर्दै सहकारीलाई समृद्धिको साधन बनाइनेछ ।
- विद्युतिय प्रविधि मार्फत सुशासन कायम गर्न सम्पूर्ण सहकारीहरुलाई डिजिटलाइजेशन गरिनेछ ।

नीति तथा कार्यक्रम, २०८१/८२

- सहकारी मार्फत कृषिजन्य बस्तु मल, विउ, यन्त्र, उपकरण आदि बिक्रि वितरण गर्ने व्यवस्थालाई प्रवाभकारी बनाईनेछ ।
- सहकारी तथा वित्तीय क्षेत्रको सह-सरकारको अवधारणा अनुरूप अनुमति, नियमन, विस्तार तथा क्षमता विकासको कार्यक्रम सञ्चालन गरी पुजी परिचालनमा प्रवर्द्धन गरिनेछ ।
- प्रत्येक वडामा १ वटा नमुना सहकारीको स्थापना र सञ्चालन गरिने नीति लिइनेछ ।
- सहकारी तथा वित्तीय संस्थाहरूको तथ्याङ्क अद्यावधिक गरी सामाजिक उत्तरदायित्व प्रति थप जिम्मेवार बनाइनेछ ।
- नीजि क्षेत्र सँग सेवा प्रवाह, विकास व्यवस्थापन लगयातका विषयमा साझेदारी गरिनेछ ।
- स्थानिय "**उत्पादन तथा उपयोग**" को कार्यक्रमलाई कार्यान्वियन गरिने छ ।
- नगरवासीहरूको परम्परागत सीप तथा व्यवसायलाई आधुनिक तथा व्यवसायीकरण गर्दै लैजान सम्भावित घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- स्थानीय स्तरमा उत्पादित वस्तुहरू तथा कच्चा पदार्थहरुको प्रशोधन तथा उपयोग स्थानीय स्तरमै गर्न आवश्यक कार्यक्रम अगाडी बढाइनेछ ।
- स्थानीय स्तरको व्यापारीहरूको संस्था उद्योग वाणिज्य संघ तथा अन्य व्यापारिक सङ्गठनहरूको गठन प्रक्रिया अगाडी बढाइनेछ ।
- बैङ्क, वित्तिय संस्था तथा नगरपालिका साझेदारी कार्यक्रम लागु गरिनेछ ।

# वन, वातावरण,भू संरक्षण,जलाधार संरक्षण तथा विपद् व्यवस्थापन

## १. वन तथा वातावरण

- सार्वजनिक वा निजी प्रयोजनका लागि डोजर तथा स्काभेटर जस्ता मेसिनरी औजारहरुको प्रयोग गर्नु पुर्व वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धि अध्ययनलाई अनिवार्य हुने नीति लिइनेछ ।
- खानेपानीका मुहानहरुको संरक्षण गरी वन जङ्गलमा वृक्षारोपणको कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार बनाउँदै वन तथा वातावरण संरक्षण र संवर्द्धनमा जोड दिइनेछ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारूपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान सञ्चालन गरिनेछ ।
- वातावरणिय अनुकुलन, जलवायु अनुकुलन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- वन क्षेत्रको संरक्षण र संवर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम गरी वन जन्य क्षेत्रको बहु उपयोग गरी आय र रोजगारी सिर्जना गरिनेछ ।
- प्राकृतिक श्रोत साधनहरुमाथि समुदायको अधिकारलाई सुनिश्चिता गरिनेछ ।
- सामुदायिक वन व्यवस्थापन तथा जडिबुडी उत्पादनलाई विशेष प्राथमिकतामा राखिनेछ ।

नीति तथा कार्यक्रम, २०७९/८०

- वन क्षेत्रमा डढेलो नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## २. भू संरक्षण, जलाधार संरक्षण

- बाढी पहिरो रोकथाम गर्न बाँस निगालो, अम्लिसो, भुईघाँस जस्ता बायो इन्जिनियरिङ प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
- गल्छी खोला किनाराहरूमा भू क्षय हुनबाट बचाउन त्यस्ता ठाउँहरूमा सुख्खा पर्खाल, तटबन्ध निर्माण तथा वृक्षारोपन कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलाधार क्षेत्रको संरक्षण गर्ने नीति लिइनेछ ।
- सडक निर्माण पछि अनिवार्य वृक्षारोपन गर्ने नीति लिइनेछ ।
- तोकिएको क्षेत्रमा वृक्षारोपन कार्यलाई निरन्तरता दिइनेछ ।

## ३. विपद् व्यवस्थापन

- नगरपालिकाका नियमित विकास कार्यक्रम एवं योजना तयारी वा डिजाइन गर्दा जोखिम न्यूनिकरणको मापदण्ड अपनाइनेछ ।
- सडक दुर्घटना रोकथाम र न्यूनिकरणको लागि **"सुरक्षित यात्रा"** कार्यक्रम लागु गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरण तथा विपद् उत्थान र ब्यवस्थापन कार्यमा निजि क्षेत्रको संलग्नता र साझेदारीलाई प्रोत्साहित गरिनेछ ।
- खुल्ला क्षेत्रको पहिचान, संरक्षण र प्रयोग योग्य बनाउने नीति लिइनेछ ।
- बहुप्रकोपमा आधारित जोखिमको अध्ययन एवं अनुसन्धान गरि अभिलेखिकरण गरिनेछ ।
- बाढी, पहिरो, हावाहुरी चट्याङ, महामारी, आगलागी लगायतका विपद्हरुबाट सृजना हुने सक्ने जोखिम लाई न्युनीकरण गर्न राहत तथा उद्दार प्रतिकार्यका लागि आवश्यक जनशक्तिको व्यवस्था मिलाइनेछ ।
- विपद् र महामारीको पूर्व तयारी र प्रतिकार्यको लागि नगर तथा वडा स्तरमा विपद् व्यवस्थापन समिति गठन गरी परिचालन गरिनेछ ।
- प्रविधिको प्रयोग गरी नगर भित्र हुने भूक्षय, बाढी पहिरो आगलागी भूकम्प जस्ता प्रकोपहरूको व्यवस्थापन गरिनेछ । यसका लागि सरोकारवालाहरू सँग समन्वय गरिनेछ ।
- बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत, औषधि उपचार, खानपान लत्ता कपडा उपलब्ध गराउने नीति लिइनेछ ।
- विपद् व्यवस्थापन कोषको वृद्धि गरी समुचित परिचालन गरिनेछ ।
- जलवायु अनुकूलन योजना कार्यान्वयनमा लिइनेछ ।
- जोखिममा परेका बस्तिहरूको व्यवस्थापनको लागि आवश्यक अध्ययन गरिनेछ ।
- नगरपालिकामा खडा गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्रका नदी कटानका जोखिमयुक्त स्थानको पहिचान गरी सो को न्यूनीकरण गरिनेछ ।
- विपतको पूर्व तयारीका लागि सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापनका अत्यावश्यक सामग्रीहरूको आवश्यक बन्दोबस्त मिलाइनेछ ।

नीति तथा कार्यक्रम, २०७९।०८०

- जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, स्थानीय समुदायलाई विपद् पूर्व तयारी, विपद् प्रतिकार्य, राहत वितरण सम्बन्धी तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

# सुशासन, संस्थागत विकास र मानव पुजी व्यवस्थापन तर्फ

## क) मानव संसाधन व्यवस्थापन तथा सेवा प्रवाह

- दिगो विकासका लागि विज्ञ परिचालन गरी गुरुयोजना तयार गरिनेछ ।
- नगरपालिकाका ऐन, नियमावलीहरुलाई समयानुकुल निर्माण र मौजुदा कानूनी व्यवस्थामा परिमार्जन तथा संसोधन गरि  कार्यान्वियन गरिनेछ  ।
- नागरिक वडापत्रलाई समयसापेक्ष अधावधिक गरि सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शि र प्रविधिमैत्रि बनाइनेछ ।
- वडा कार्यालयहरु तथा नगरपालिकाको कार्यालयमा सुचना डिजिटल बोर्ड, राष्ट्रिय झण्डा तथा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- गुनासो सुनुवाई टोल फ्रि नम्बर र गुणासो पेटिका संचालनमा ल्याइनेछ ।
- नगरपालिकाको शान्ति सुरक्षाको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- नगरपालिकाको कार्यालयमा रिक्त रहेका दरवन्दीहरुमा स्थायी पदपूर्ती गर्ने व्यवस्था गरिनेछ ।
- विभिन्न शाखाहरुको कर्मचारी संगठन संरचना र कार्यसम्पादन मूल्यांकनको आधारमा पूनरावलोकन तथा आबश्यक परिमार्जन गरी छिटो छरितो सेवा प्रवाह गरिनेछ ।
- नगर सचिवालयको स्थापना गरी कार्यविधि अनुरुप कार्यान्वयनमा ल्याइनेछ ।
- अन्तराष्ट्रिय तथा राष्ट्रिय भागिनी सम्बन्ध विस्तार गरि नयाँ प्रविधि, सोच, नवीन सिकाइहरु, विकासका मोडल तथा अभ्यासहरुमा सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- जनमुखी प्रशासनको अवधारण अनुकुल सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरि सेवा प्रवाहमा सुधार गरिनेछ ।
- विकास सिकाईको अध्ययनको लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको लागी स्वदेश तथा बैदेशिक भम्रणको व्यवस्था गरिनेछ ।
- आवश्यकता अनुसार जिल्ला समन्वय समिति तथा अन्य स्थानीय तह र सरकारी कार्यालयहरु संग सहकार्य र समन्वय गरिनेछ ।
- जनतासँग स्थानिय सरकार कार्यक्रम लागु गरिनेछ ।
- नगरपालिकाको कार्यालय र वडा कार्यालयको हाता भित्र मदिरा र सुर्तिजन्य पदार्थको प्रयोग तथा सेवन गर्नेलाई निरुत्साहित गरिनेछ ।
- शिक्षक तथा कर्मचारीहरुको पेशागत सुरक्षाको सुनिश्चितता गर्दै कार्य दक्षता अभिवृद्धि गर्न जिम्मेवारी बमोजिमको तालिम प्रदान गर्ने, प्रविधिमैत्रि बनाउने र कार्य सम्पादनका आधारमा पुरस्कार तथा दण्ड सजायको ब्यवस्थालाई सुव्यवस्थीत गरिनेछ ।
- जनतालाई परेको कठिनाइलाई महशुस गरि यथासक्य छिटो मालपोत कार्यालय एवं नापी कार्यालय शाखाको ब्यवस्था स्थानीय स्तरमै स्थापना गर्न पहल गरिनेछ ।
- सूशासनलाई टेवा पुऱ्याउन सेवा प्रवाह, विकास उपलब्धि र जवाफदेहितालाई आत्मसाथ गरिनेछ ।
- कार्य सम्पादनमा ई- शासनलाई प्राथमिकता दिइनेछ ।

- उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, कृषक, उपभोक्ता समिति, सञ्चारकर्मीलाई पुरस्कृत गरिने नीति लिइनेछ ।
- नगरपालिकाद्वारा भएका सम्पुर्ण खर्च विवरण तत्कालै वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।
- सेवा प्रवाहमा स्मार्टपालिकाको अवधारणलाई निरन्तरता दिइनेछ । साथै नगर स्तरीय तथ्याङ्कलाई एक द्वार प्रणालीमा आबद्ध गरी प्रदेश र संघको तथ्याङ्क प्रणालीमा आबद्ध गरिनेछ ।
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा अनुगमन र मुल्याङ्कन गर्ने कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।
- कार्यालयमा विभिन्न प्रकारका सफ्टवेयर तथा सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ ।
- कार्यालयमा विभिन्न प्रकारका मोबाइल एप्स, वेबसाइट तथा आधिकारिक जिमेल एकाउन्ट बाट प्रदान गरिने सेवालाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाको मौजुदा जनशक्ति व्यवस्थापनमा ओ एन्ड एम सर्भे गरी आवश्यक पर्ने रिक्त दरबन्दीहरू नियम अनुसार स्थायी पदपूर्ति गर्ने व्यवस्था मिलाइनेछ ।
- वडा कार्यालयबाट प्रदान हुने सेवालाई प्रभावकारी बनाउन वडा कार्यालयहरूको प्राविधिक तथा भौतिक पूर्वाधारको अवस्थामा सुधार गरिनेछ साथै ईन्टरनेट सेवालाई प्रभावकारी बनाइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनशक्तिको उचित परिचालन, न्यूनतम पारिश्रमिक प्रदान, प्रोत्साहन भत्ता प्रदान गरिने नीति लिइनेछ ।
- नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखालाई आवश्यक जनशक्ति सहित सक्रिय बनाइनेछ ।
- क्यान्सर, दिर्घ रोग, आगलागी, भुकम्प प्रकोप पिडितहरु, निम्न आयश्रोत भएका व्यक्तिहरुको सहयोगको लागि "**नगर दान पेटिका**" स्थापना गरिनेछ ।
- स्वास्थ्य, महामारी, विपद् तथा प्रकोप लगायत अन्य जानकारी मुलक महत्वपुर्ण सूचना माईकिङ गर्न **"नगर घुम्ति अटो रिक्सा**" सञ्चालनमा ल्याईनेछ ।
- "**एक वडा एक स्मार्ट टोल"** अभियान संचालन गरिनेछ ।
- हरेक घरधुरीको विवरण अद्यावधिकको लागि प्रविधिमैत्रि **"क्युआर कोड प्रणाली"** लागु गरिनेछ ।
- दिगो विकास लक्ष्य हासिल गर्नको लागि पालिकाको समग्र तथ्यांक व्यवस्थापनमा जोड दिइनेछ ।

## ख) सूचना, सञ्चार तथा प्रविधि

- नगरक्षेत्र भित्र सञ्चार सेवाको गुणस्तर बढाउन नियमित रूपमा अनुगमन तथा नियमन गरिनेछ ।
- स्थानीय पत्रिका, राष्ट्रिय पत्रिका, एफ.एम.रेडियो, मासिक बुलेटिन, अनलाईन खबर र टेलिभिजनहरूमार्फत नगरका गतिविधिहरू आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिनेछ ।
- बागचौर नगरपालिकामा सञ्चालनमा आएको स्मार्टपालिकालाई थप प्रभावकारी बनाइनेछ ।
- सामाजिक सञ्जालको दुरुपयोगलाई निरुत्साहित गरिनेछ ।
- आधारभूत पत्रकारिताको लागि तालिमको ब्यवस्थापन गरिनेछ ।
- नगरपालिकावाट हुने सबै गतिविधिहरुको बारेमा सवै नगर बासीलाई सुसुचित गरिनेछ ।

## ग) न्याय तथा कानुन

- नगरपालिकाको न्यायिक समितिलाई स्वतन्त्र, निश्पक्ष, पहुँचयोग्य, सक्षम एवं विश्वस्नीय बनाइनेछ ।
- कानुनले तोकेको समय भित्र न्यायिक समितिबाट कार्यसम्पादन गरिनेछ ।
- सबै वडा कार्यालयहरुमा मेलमिलापकेन्द्र संचालन गरि मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै निरुपण गर्ने कानुनी ब्यवस्थालाई थप प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।
- नगर कार्यपालिका तथा नगर सभाका सदस्यहरू, न्यायिक समिति र कर्मचारीहरूलाई कानुन तथा न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै वडाहरुका महिलाहरुलाई कानूनी परामर्श सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## घ) श्रम तथा रोजगार

- प्रधानमन्त्रि रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रममा गरिब तथा विपन्न वर्गहरलाई पहिलो स्थानमा राखी रोजगारीको अवसर प्रदान गरिनेछ ।
- युवाहरुलाई लक्षित गरी **"एक घर एक स्वरोजगार"** कार्यक्रम संचालन गरिनेछ ।
- महिला आयआर्जनका लागि "**मेयर घुम्ति कोष कार्यक्रम**" लागु गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुको सिप तथा दक्षताको विवरण संकलन गरि सिप सुहाउदो पेशा ब्यवसायका लागि अनुदान र सहुलियतपूर्ण ऋृणको ब्यवस्था गरिनेछ ।
- युवा उद्यमी तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न आइडिया बैङ्क (Idea Bank ) कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुलाई सामुहिक लगानीमा उत्पादनमुलक पेशा व्यवसाय गर्न चाहेमा अनुदान र सहुलियपुर्ण रिणको व्यवस्था मिलाइनेछ ।
- स्थानीय स्तरमा उत्पादित वस्तुहरुको खपत् तथा सहज विक्री वितरणको वातावरण मिलाइनेछ ।
- साना तथा मझौला उद्योग स्थापनाको लागि लगानीमैत्री वातावरण बनाइनेछ । यस्ता उद्योगहरुलाई प्रोत्सहान गरिनेछ ।

## ङ) सामाजिक सुरक्षा तथा पञ्जिकरण

- सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउन कार्यविधि बनाइनेछ ।
- घटना दर्ता कितावको पुरक डिजिटाइजेसन कार्य सम्पन्न गरि डिजिटल नगरपालिका निर्माण उन्मुख नीति लिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नयाँ व्यक्तिहरुलाई परिचयपत्र उपलब्ध गराउनुका साथै सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धि सूचनाहरुमा जनतालाई सू–सुचित गरिनेछ ।
- वडा स्तरमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरिनेछ ।
- पञ्जिकरण शाखामा कार्यरत कर्मचारीहरको लागि नियम अनुसारको तलव सुविधमा साझेदारी गरिनेछ ।

## च) गैर सरकारी / निजी क्षेत्र, टोल विकास संस्था, आमा /महिला समूह

- वाह्य लगानी, स्थानीय गैरसरकारी तथा अन्तराष्ट्रिय दातृ निकायहरु संगको साझेदारीमा नीति अबलम्बन गरिनेछ ।

- विज्ञ समूहको परिचालनबाट दातृ निकायहरुलाई बजेट तथा कार्यक्रम ल्याउन पहल गरिनेछ ।
- गैरसरकारी संस्थाबाट सञ्चालित परियोजनाहरुमा स्थानिय कर्मचारीरहरु रहने व्यवस्था गरिनेछ ।
- गैरसरकारी संस्थाहरुका कार्यक्रमहरु नगरपालिका र सम्बन्धित वडाहरुको मातहतमा संचालन गर्न व्यवस्था गरिनेछ ।
- यस नगरपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने विकाससँग साझेदार निकायहरूलाई एकद्धार प्रणालीबाट काम गर्ने नीति लिइनेछ ।
- नगर भित्रका गैर सरकारी संघ, संस्था तथा समूहको प्रभावकारी परिचालन, नियमन, अनुगमन गर्ने नीति लिइनेछ ।
- टोल विकास संस्था, आमा तथा महिला समूह गठन र परिचालनका लागि आवश्यक कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।
- नगरपालिका भित्र विभिन्न आयोजना तथा क्रियाकलाप सञ्चालन गरिने गैर सरकारी संघ संस्थाहरूले अनिवार्य रूपमा आगामी वर्षको बजेट तथा कार्यक्रम नगरपालिकामा पेस गरी नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात् कार्यान्वयन गर्ने नीतिलाई कडाइ साथ कार्यान्वयन गरिनेछ ।
- निजी क्षेत्रलाई विकास साझेदारको रुमपा परिचालन गरिनेछ ।

## छ) राजश्व तथा श्रोत परिचालन

- अनलाइनबाट कर भुक्तानी गर्न सकिने गरि प्रक्रिया अघि बढाइनेछ ।
- राजस्वको दायरा फराकिलो पार्ने रणनीति अबलम्बन गरि आन्तरिक आय वृद्धि गरिनेछ ।
- नगरपालिका भित्र घर जग्गा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- उत्पीडित तथा विपन्न वर्ग ,लिङ्ग , समुदायलाई कर छुटको व्यस्था गरिनेछ ।
- घरेलु तथा साना उद्योग कार्यालयबाट सञ्चालन गरिने उद्योग / व्यवसाय दर्ता तथा नवीकरण लगायतका कामहरू नगरपालिकाबाटै गरिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- कर छली र चुहावटलाई नियन्त्रण गर्दै लिइनेछ ।
- नगर क्षेत्र भित्र परम्परागत रूपमा उपभोग गर्दै आएका राजस्वको दायरा बाहिर रहेका ऐलानी पर्ती जग्गाहरू छुट्ट्याई सो क्षेत्रभित्र रहेका घर, टहरा सञ्चालन तथा निर्माण सम्बन्धी ठोस नीति बनाई राजश्वको दायरा भित्र ल्याइनेछ ।
- तोकिएको रकम तोकिएको समयमा नबुझाउने र तोकिएको समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई काममा सहभागी नगराउने नीति लिइनेछ ।
- कार्यालयबाट प्रदान गरिने कुनै पनि सिफारिस वा सेवा लिन आउँदा सेवाग्राहीले कर बुझाएको प्रमाणको प्रतिलिपि अनिवार्य पेस गर्नु पर्नेछ ।
- सबैभन्दा बढी कर नियमित बुझाउने व्यक्ति वा संस्थालाई सम्मान स्वरूप उत्कृष्ट करदाता सम्मान पुरस्कार प्रदान गरिनेछ ।
- आगामी आर्थिक वर्षमा बढाइने तथा छुट दिइने करको दरहरू आर्थिक ऐनको अनुसूचीहरूमा उल्लेख गरिनेछ ।
- नगरपालिकाको समग्र राजश्व सम्बन्धी अध्ययन गर्ने विज्ञ सहितको अध्ययन टोली गठन गरिनेछ ।

- स्थानीय कर, शुल्क, जरिवाना जस्ता राजश्वका सूचना प्रविधिका माध्यमबाट पारदर्शि  र जवाफदेहि पुर्ण बनाइनेछ ।

## ज) नगर प्रहरी तथा शान्ति सुरक्षा व्यवस्थापन

- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको नगरपालिकाको सुरक्षा व्यवस्था लगायतका कामहरू व्यवस्थित गर्न नगर प्रहरी गठन गर्ने व्यवस्था गरिनेछ। त्यसको लागी आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेका सुरक्षा निकायसँग समन्वय र सहकार्य गरी शान्ति सुरक्षा कायम गर्ने लगायतका आवश्यक कार्यहरू गरिनेछ ।
- बजार क्षेत्रहरुमा शान्ति सुरक्षाको लागि सि सि क्यामेराको व्यवस्था गरिनेछ ।

## विविध व्यवस्था

- प्रत्येक वडाहरुमा शहिदहरुको शालिक निर्माण गरिनेछ ।
- अन्तर सरकार, सहकारी, निजी क्षेत्र, राजनैतिक दल, समुदाय, र नागरिक समाजको समन्वय, सहकार्य र साझेदारीलाई अभिवृद्द गरिनेछ ।
- योजना कार्यान्वयनमा उपभोक्ता र निर्माण व्यवसायी मार्फत कार्यान्वयन गरिने नीतिलाई कायम राख्दै उपभोक्ता समितिको सहभागितालाई साविक २० प्रतिशतबाट कम गरी १५ प्रतिशत कायम गरिनेछ ।
- उपभोक्ता हित संग सम्बन्धीत सचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर विकास समिति गठन गरि कार्यान्वयन गरिनेछ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई पुरस्कृत वा सम्मान गरिनेछ ।
- उपभोक्ताहरुको हितका लागि **"उपभोक्ता संरक्षण समिति तथा बजार अनुगमन समिति परिचालन"** गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार तथा अन्य साझेदार संघ संस्था तथा विकास कार्यालयहरू सँगको साझेदारीमा सम्पन्न गर्नु पर्ने आयोजना तथा कार्यक्रमहरूको लागि छुट्टै समपूरक कोष (Matching Fund) मार्फत गरिने व्यवस्था गरिनेछ। सशर्त, समानिकरण, विशेष र समपूरक मोडेलबाट हस्तान्तरित भई आएको श्रोत साधनलाई उचित परिचालन गरिनेछ ।
- विकास पूर्वाधार तथा सामाजिक, आर्थिक विकास क्षेत्रका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report) तयार गरिनेछ ।
- आयोजना बैङ्क स्थापना गरिनेछ ।

## गत वर्षमा सञ्चालित कार्यक्रमहरूको निरन्तरता

- यस नगरपालिकाको  आर्थिक वर्ष २०७८।०७९ मा स्वीकृत कार्यक्रम र विनियोजित बजेटबाट सञ्चालन गरिनुपर्ने कतिपय योजना कार्यक्रमहरू आर्थिक वर्ष २०७८।०७९ को अन्तसम्म पनि काम सरु भएर सम्पन्न हुन नसकेका वा भुक्तानी हुन नसकेका कार्यक्रमहरूलाई आगामी आर्थिक वर्ष २०७९।०८० मा बजेट सहित निरन्तरता दिइनेछ ।

नीति तथा कार्यक्रम, २०७९।०८०

**नगर प्रमुख ज्यु,**

**सभाका सदस्यज्यूहरु र उपस्थित महानुभावहरु,**

अन्तमा, राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धिलाई संरक्षण गर्दै समग्र बागचौर नगरपालिकाको हित, गौरव र सम्मानमा अभिवृद्धि गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्च दरको आर्थिक वृद्धि , सामाजिक, आर्थिक क्षेत्रको गतिशीलता, सुशासन तथा सामाजिक न्यायको प्रत्याभुति सहितको समृद्ध नगर निर्माणको अभियानमा सम्पुर्ण नगरबासीको महत्त्वपूर्ण भूमिकाको अपेक्षा गरेको छु ।

नीति तथा कार्यक्रम तर्जुमाका क्रममा सहयोग गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, कर्मचारी मित्रहरू र प्रस्तुत नीति तथा कार्यक्रममा महत्त्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने नगर सभाका सदस्यज्यूहरू प्रति हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु ।

धन्यवाद !

**सुम्निमा डि.सी. वली**
**नगर उप प्रमुख**
**बागचौर नगरपालिका**
**२०७९ अषाढ, १०**

नीति तथा कार्यक्रम, २०७९।०८०